लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल

## शिलबन्दी दरभाउपत्र/बोलपत्र आव्हानको सूचना

**सूचना प्रकाशित मितिः २०८०/१२/१४**

यस अस्पतालको लागि आ.ब. २०८०/०८१ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित काम शिलबन्दी दरभाउपत्र तथा बोलपत्रका माध्यमबाट गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउपत्र/बोलपत्र हार्डकपिका माध्यमबाट मात्र खरिद तथा दर्ता पेश गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

१ यो सूचना प्रकाशित भएको मितिले तोकिएको समायाबधी भित्र तपसिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरि) हार्डकपीका माध्यमबाट खरिद तथा दर्ता गर्न सकिनेछ। रितपूर्वक म्याद भित्र दर्ता भएका दरभाउपत्र/बोलपत्रहरु तपसिलमा उल्लेखित दिनको १४.०० बजे दरभाउपत्रदाता/बोलपत्रदाता वा निजका प्रतिनिधीहरुको रोहबरमा यस अस्पतालमा खोलिनेछ । दरभाउपत्रदाता/बोलपत्रदाता वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउपत्र/बोलपत्रहरु खोल्न कुनै बाधा पर्नेछैन ।

२ दरभाउपत्र/बोलपत्र खरिद गर्नका लागी अनिवार्य रुपमा निम्नानुसारका कागजातहरु सहित यस अस्पताललाई सम्बोधन गरि निवेदन लेखि लेखा शाखाबाट खरिद गर्न सकिनेछ। क) व्यवसाय सञ्चालन गर्न पाउने ईजाजत पत्र ख) आयकर दर्ता प्रमाणपत्र ग) मुल्यबृर्दिकर प्रमाणपत्र घ) आ.ब. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र ङ) दरभाउपत्र/बोलपत्र दर्ता गर्दा धरौटी रकम वापतको बैक भौचर श्री प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनी प्रदेश रुपन्देहीको नाममा रा.बा. बैक खस्यौली शाखामा रहेको धरौटि खाता नं ३१२०१००२०२०३०००० मा (अस्पतालको कोड नं. ३७००१४८०३५) नगद जम्मा गरेको अथवा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैक वा वित्तिय संस्थाले यस अस्पतालको नाममा जारी गरिएको दरभाउपत्र/बोलपत्र खोल्ने मितिबाट ९०/१२० दिन समायाबधी भएको हुनुपर्नेछ। च) बोलपत्रमा भाग लिन चाहने बोलपत्रदाताले कुनै संसोधन गर्न चाहेमा वा बोलपत्र फिर्ता लिन चाहेमा बोलपत्र दर्ता गर्ने अन्तिम समय भन्दा २४ घण्टा अवागै गराउनु पर्नेछ। साथै कुनै कुरा बुझ्नु परेमा कार्यालय समयमा यस अस्पतालमा सम्पर्क राख्न सकिनेछ।

३ दरभाउपत्र/बोलपत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ।

४ दरभाउपत्रदाता/बोलपत्रदाताले दररेट पेश गर्दा मु.अ. कर बाहेकको दररेटलाई अंकर अक्षर दुबैमा (नेपाली मुद्रा मात्र) उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखेको दररेटमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। दर रेट कबोल गर्दा केरमेट भएमा केरमेट भएको ठाउमा सहि/छाप गर्नुपर्नेछ। दरभाउपत्रदाता/बोलपत्रदाताले दरभाउपत्र/बोलपत्रमा कुनै शर्त राख्न पाईनेछैन। दरभाउपत्रदाता/बोलपत्रदाताले अनिवार्य रुपमा कम्पनीको सम्पर्क नम्बर, ईमेल ठेगाना राख्नुपर्नेछ। अस्पतालले पत्रचार गर्दा तथा खरिद आदेश पठाउदा ईमेल मार्फत पठाएकोलाई पनि आधिकारिक मानिनेछ।

५ दरभाउपत्र/बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ।

६ भुक्तानीको बिधिः स्विकृत दरभाउपत्रदाता/बोलपत्रदातालाइ नेपाली मुद्रामा मात्र रकम भुक्तानी गरिनेछ। ढुवानी खर्च दरभाउपत्रदाता/बोलपत्रदाताले स्वयम ब्यहोर्नुपर्नेछ। ढुवानीको क्रममा कुनै हानि नोक्सानी भएमा अस्पताल जिम्मेवार हुनेछैन। साथै कुनै पनि मुल्यबृद्रि पाईनेछैन।

७ **दरभाउपत्रदाता/बोलपत्रमा भाग लिन चाहने फर्मले आफुले पेश गर्न चाहेको ठेक्कामा उल्लेखति सामानहरुको नेपालमा आधिकारिक बिक्रेता तथा सब-बिक्रेता भएको प्रमाणपत्र पेश गर्नुपर्नेछ। अन्यथा मुल्यांकनमा समावेश गरिनेछैन।**

८ बोलपत्र सम्बन्धी छलफल गर्न बोलपत्र पेश गर्नुपूर्वको बैठक सूचना प्रकाशित मितिले १९ औ दिनको १४.०० बजे यस अस्पतालमा राखिएको छ।

९ दरभाउपत्र/बोलपत्रबाट स्वीकृत भएका आपुर्तिकर्ता कम्पनीबाट सप्लाइ भएका सामानहरु प्राबिधिक निरिक्षण, परिक्षण गर्दा सम्झौतामा एवं तोकिएको प्राबिधिक स्पेशिफिकेसन तथा गुणस्तर बमोजिम नभएमा सामान फिर्ता गरि सम्झौता रद्द गरिनेछ। साथै सम्झौता गरि सामान सप्लाइ नगर्ने फर्म/कम्पनीलाई नियमानुसार कालोसूचिमा राख्ने कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

१० सप्लाई गरिने सामानहरु म्याद भएको, CERTIFIED कम्पनिहरुबाट उत्पादित हुनुपर्नेछ। साथै कम्तिमा १८ महिना सम्मको Expiry date भएको हुनुपर्नेछ। कुनै सामानको Expiry date कम भएको हकमा उक्त सामानको कम्तिमा ६ महिनाको Expiry date हुनुपर्नेछ। म्याद ग्रुज्रिन लागेका सामानहरु सप्लाइ गर्न पाइनेछैन। यसरी अस्पतालमा आपुर्ति गरेको सामानको म्याद कम समय भएको तथा ल्याइ सकेको सामानहरुको म्याद सकिएमा समेत आपुर्तिकर्ताले उक्त सामान फिर्ता लगी सो परिमाण बमोजिमको नया सामान (म्याद बढी भएको) उपलब्ध गराउनुपर्नेछ।

११. दरभाउपत्रदाता/बोलपत्रदाताले उत्पादक कम्पनी कोड गर्दा माग भए अनुसारको composition/Strength/Volume मिल्ने गरि कोड गर्नुपर्नेछ। अन्यथा सोही गुणस्तरको माग भए अनुसारको composition/Strength/Volume मिल्ने सामान खरिद गरिनेछ र यसबाट पर्न जाने क्षतिको जिम्मेवार सम्बन्धित दरभाउपत्रदाता/बोलपत्रदाता, फर्म, कम्पनीनै हुनेछ।

१२ सामानहरु अस्पताललाई सप्लाई गर्दा बिभिन्न चरणमा गर्नुपर्नेछ। अस्पतालले सामानहरु खरिद आदेश पठाएको ७ दिन भित्र अस्पतालमा सप्लाई गर्नुपर्नेछ। तोकिएको समयाबधि भित्र सामान सप्लाई गर्न नसकेमा अस्पतालले अन्य बिक्रेता संग सिधै खरिद गर्नेछ र उक्त सामान सोझै खरिद गर्दा सम्झौता रकम भन्दा बढी भएमा पनि अस्पतालले उक्त रकम सप्लायर्स संग असुल गर्नेछ। साथै पटक – पटक त्यस्तो कार्य दोहरिएमा निजको ठेक्का तोडी कालो सुचिमा राख्नको लागी कारबाही अगाडी बढाईनेछ। साथै दरभाउपत्रदाता/बोलपत्रमा उल्लेखित परिमाण भन्दा खरिद कम-बढी हुन सक्नेछ। यसरि उल्लेखित परिमाण भन्दा बढी हुन गएमा पनि स्वीकृत दरभाउपत्रदाता/बोलपत्रदाताले स्वीकृत दररेटमानै चालु आ.ब. सक्किएको ६ महिना सम्म (अस्पताललाइ आवश्यक भएमा) उपलब्ध गराउनु पर्नेछ।

१३ तोकिएका आवश्यक कागजातहरु नभएका, शर्त राखी दरभाउपत्रदाता/बोलपत्र पेश भएका, रित नपुगेका, म्याद नाघी प्राप्त भएका एवं स्पेशिफिकेसन बमोजिम नभएका दरभाउपत्रदाता/बोलपत्र उपर कुनै कारबाही हुने छैन । एक फर्म वा संस्थाको नाममा खरिद भएका दरभाउपत्रदाता/बोलपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइनेछैन । दरभाउपत्रदाता/बोलपत्रमा सम्बन्धित कम्पनी वा फर्मको छाप र दस्तखत अनिवार्य हुनुपर्नेछ ।

१४ दरभाउपत्रदाता/बोलपत्र मुल्यांकनको क्रममा अस्पतालले आवश्यक ठानेर माग गरेमा नमुनाहरु परिक्षणको लागी उपलब्ध गराउनु पर्नेछ । तथा मुल्यांकनका लागी अस्पतालले माग गरेमा आफुले दररेट भरेको **Price Schedule for Goods** को सक्कल कागजात समेत पेश गर्नुपर्नेछ ।

१५ सार्वजनिक खरिद ऐन २०६३ बमोजिम कालो सुचिमा परेको व्यक्ती, फर्म, संस्था वा कम्पनीको संचालकले आफ्नो पूर्ण वा आसिंक स्वामित्व कायम रहने गरि खोलेको नयां फर्म, कम्पनी वा संस्था वा निज आफै वा निज समेतको नाममा भई रहेको अर्को फर्म संस्था वा कम्पनीले दरभाउपत्रदाता/बोलपत्र पेश गर्न सक्नेछैन ।

१६ यो सूचनामा उल्लेख हुन छुट भएका, प्रस्ट नभएका र अन्य कुराहरु सूचना बमोजिम र सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ । साथै PPMO को स्टान्डर बिडिङ डकुमेन्ट (Goods ) मा भएका ITB, GCC र SCC शर्तहरु समेत लागु हुनेछ ।

<u>तपसिल</u>

| क.सं. | ठे.नं. | कामको विवरण | लागत अनुमान (मु.अ. कर बाहेक) | धरौटी रकम | दरभाउपत्र/बोलपत्र दस्तुर | दरभाउपत्र/बोलपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र/बोलपत्र दर्ताको अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | LPH-NCB-GOODS-13 (Re. Slice B) /2080-081 | Supply & Delivery of DYMIND 5-Part Hematology Analyzer Reagents and Consumables | ----- | ५,४५,०००/०० | ५,०००/- | २०८१/०१/१३ गते कार्यालय समय भित्र | २०८१/०१/१४ गते १२.०० भित्र |
| २ | LPH-NCB-GOODS-20 /2080-081 | Supply & Delivery of Fully Automatic Biochemistry Analyzer (Diasys Response 920) Reagents and Consumables | १,१४,०८,४१२/०० | ३,१४,०००/- | ३,०००/- | | |
| ३ | LPH-SQ-GOODS-21 /2080-081 | Supply & Delivery of HPLC Analyzer (HbA1C) (D-10 HB Testing System) Reagents and Consumables | २३,७५,०००/- | ६५,५००/- | ३,०००/- | २०८०/१२/२८ गते कार्यालय समय भित्र | २०८०/१२/२९ गते १२.०० भित्र |
| ४ | LPH-NCB-GOODS-13 (Re. Slice N) /2080-081 | Supply & Delivery of Analyticon Coagulizer Reagents and Consumables | १५,६५,२५०/- | ४३,०००/- | १,०००/- | | |
| ५ | LPH-SQ-GOODS-22/2080-081 | Supply & Delivery of ERBA XL 1000 Fully Automatic Biochemistry Analyzer Reagents and Consumables | १३,४८,६४३/३३ | ३७,०००/- | १,०००/- | | |

मेडिकल सुपरिटेण्डेण्ट